# कुशे गाउँपालिका प्रहरी ऐन, २०७५

**गाउँपालिका प्रहरी को गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी वनेको ऐन २०७५**

*( गाँउ सभाबाट पारित मिति: २०७५।०१।२७)*

*(गाउँ सभाबाट प्रमाणिकरण मिति: २०७५।०१।२७)*

*(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमबार)*

नेपालको संविधानको अनुसूची ८ (१) र धारा २२६ (१) द्धारा प्रदत्त अधिकारको प्रयोग गरि यस गाउँपालिकाले स्थानीय स्तरमा पालिका प्रहरीको गठन , सञ्चालन तथा व्यवस्थापन गर्न यो ऐनको तर्जुमा गरिएको छ ।

गाउँपालिका भरि स्थानीय कानुनको परिपालन गराई सुव्यवस्था कायम राख्न आवश्यक देखिएकोले यस गाउँपालिकाको गाउँसभावाट यो ऐन वनाई जारी गरिएको छ ।

## परिच्छेद– १
## संक्षिप्त नाम र प्रारम्भ

१ . **संक्षिप्त नाम , विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "पालिका प्रहरी ऐन २०७५" भन्ने रहेको छ ।

२. यो ऐन कुशे गाउँपालिका भरमा लागु हुनेछ ।

३. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए देखि लागु हुनेछ ।

२.परिभाषा : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

क) पालिका प्रहरी भन्नाले यस ऐन अन्तर्गत नियुक्ति भएका वा गरिएका व्यक्ति सम्झनु पर्दछ ।

ख) गाउँपालिका प्रहरी कर्मचारी प्रमुख भन्नाले जुनियर डियुटी अफिसर सम्झनु पर्दछ ।

ग) नियुक्तिको सर्टिफिकेट भन्नाले गाउँपालिकाले प्रहरी नियुक्ति गर्दा दिईने सर्टिफिकेट लाई वुझ्नु पर्दछ ।

## परिच्छेद – २
## पालिका प्रहरीको गठन

३. गाउँपालिका प्रहरी कार्यालय : (१) स्थानीय तहमा परिचालित प्रहरी कार्यालयको नाम पालिका प्रहरी एकाई रहनेछ ।

२) दफा (१) बमोजिम कार्यालयमा निहित काम, कर्तब्य , अधिकार स्थानीय सरकारले तोके वमोजिम हुनेछ ।



CamScanner

४. पालिका प्रहरीको गठन : (१) यस ऐन वमोजिम गाउँपालिकामा एक पालिका प्रहरीको गठन गरिनेछ

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने कर्मचारीहरुको नियुक्ति प्रचलित कानुन वमोजिम र संख्याको निर्धारण गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ

(३) गाउँ पालीका प्रहरी अन्तर्गत जुनीयर ड्युटी अफिसर र अन्य प्रहरीको तलब र सेवाका अन्य कुराहरु स्थानीय गाउँ कार्यपालीकाले समय समयमा निर्धारण गरे बमोजिम हुने छ । तर यसका कारण गाउँ पालीकामा अन्य कर्मचारीको सेवामा असर नपर्ने गरि निर्धारण गर्नु पर्ने छ ।

५. स्थानीय सरकारको अधिकार: १) पालीका प्रहरीको रेखदेख नियन्त्रण परिचालन गरिने र प्रहरीलाइ निर्देशन दिने अधिकार गाउँपालीकाका प्रमुख प्रसाशकिय अधिकृतलाइ हुने छ । स्थानीय सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्यक पालीका प्रहरी कर्मचारीहरुको कर्तव्य हुने छ ।

६. नियूक्तीको सर्टिफीकेट : (१)पालीका प्रहरीको जुनीयर ड्युटी अफीसर र त्यस देखी मुनी दर्जाका हरेक प्रहरी कर्मचारी नियूक्ती हुँदा तोकीय बमोजिमको प्रमाण पत्र दिनु पर्ने छ । स्थानिय सरकारले बिशेष आदेश द्वारा निर्देश गरेका कर्मचारीले सो प्रमाण पत्रमा सहीछाप गरि दिनु पर्छ ।

२) नियुक्तीको प्रमाण पत्रमा उल्लेख गरिएका व्यक्ति प्रहरी कर्मचारीको नोकरी बाट बहाल टुटे पछी सो प्रमाण पत्र बदर वातिल हुने छ ।

३) आफ्नो पदबाट कुनै प्रहरी कर्मचारी सस्पेण्ड रहे सम्म त्यस प्रहरी कर्मचारीले गर्नु पर्ने काम र बिशेष सुबिधा कायम रहने छैन ।

७. करार सेवामा नियुक्ति गर्नु पर्ने :(१) पालीका प्रहरीको कुनै पद पुर्तिको लागी रिक्त पदमा वढीमा दुई बर्ष सम्मको लागी प्रहरी कर्मचारीको तोकीए बमोजिमका तहमा काम गर्ने गरि करारमा नियुक्ती गर्नु पर्ने छ ।

## परिच्छेद -३

## पालीका प्रहरीको कर्तव्य र अधिकार

८. गाउँपालीका प्रहरी कर्मचारीहरु ड्युटीमा रहनु पर्ने : यस तात्पर्यकालागी हरेक प्रहरी कर्मचारी आफ्नो ड्युटीमा रहेको मानीने छ । र गाउँपलीकाको कुनै भागमा जुन सुकै बखत पनि पालीका प्रहरी कर्मचारी काममा खटीन सक्नेछन ।

९. पालिका कर्मचारी प्रहरी प्रयोग गर्न पाउने अख्तियार : पालिका प्रहरीले यस ऐन वा अरु कुनै प्रचलित कानुन बाट पाएको अख्तियार भन्दा बढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउने छैन ।

१०.गाउँपालिका प्रहरी कर्मचारीको कर्तव्य : (१) स्थानीय सरकारको निर्देशन र नियन्त्रणमा रहने गरि आफ्नो जिम्मेवारी क्षेत्र भित्र गाउँपालिका प्रहरी कर्मचारीको देहाय बमोजिम कर्तव्य हुनेछ ।

(क) गाउँपालिकाको निति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको सम्पतीको सुरक्षा र संरक्षण,



CS CamScanner

(ग) स्थानीय स्तरमा हुने सभा,समारोह,परंपरा,जात्रा तथा चाड पर्वको सुरक्षा व्यवस्थापन

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेख देख र व्यवस्थापन,

(ङ) गाउँपालिकाको सरसफाई सम्बन्धी माप दण्डको कार्यान्वयन ,

(च) न्यायीक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यान्वयन ,

(छ) सार्वजनिक,ऐलानी र पर्ती जग्गा ,सार्वजनीक भवन ,सम्पदा तथा भौतिक पूर्वाधार सुरक्षा,

(ज) विपद व्यवस्थापन सम्बन्धी खोज, उद्धार,राहत तथा पुनस्थापना,

(झ) स्थानीय प्राकृतिक स्रोत अचल सम्पतीको संरक्षण,चोरी निकासी नियन्त्रण,

(ञ) छाडा पशु चौपायाका नियन्त्रण ,

(ट) अनाधिकृत निर्माण तथा सार्वजनीक सम्पती अतिक्रमण रोक थाम तथा नियन्त्रण ,

(ठ) गाउँपालिकाले तोकेको अन्य कार्य

(२) अन्य काम तथा कर्तव्यहरु निम्न हुनेछन् :-

(क) सार्बजनिक बाटो ईत्यादीमा सवारी वा यात्रीहरुको व्यबस्थापन गर्ने ,

(ख) गाउँपालिकामा आयोजित सार्वजनीक सभा र जुलुसको व्यबस्थापन,

(ग) गाउँपालिकाको परिधी भित्र फेला परेको सार्वजनीक सम्पतीको सुरक्षाको जिम्मा ,

११.गाउँपालिकाका प्रहरी कर्मचारीले रेकर्ड राख्नु पर्नेः-(१) स्थानिय सरकारले तोके बमोजिम ढाँचाको आफुले गरेको दैनिक कार्यको रेकर्ड राखी त्यसमा गाउँपालिकाको आफ्नो अधिकार क्षेत्रमा भएका सबै घटनाको रेकर्ड राख्नु पर्ने छ ।

## परिच्छेदः ४

## कसुर र सजाय

१२. गाउँपालिका प्रहरीकर्मचारीले देहायको कुनै कसुर गरेमा निजलाई तिन महिनाको तलब बराबर सम्म जरीवान सजाय हुने छ :

(क) यस ऐनमा तोकीएका कर्तव्य पालना नगरेमा,

(ख) पदको रवाफ देखाई व्यक्तिगत फाइदा हुने कुनै काम गरेमा,

(ग) आफुलाई नियुक्ती गर्ने अधिकार पाएका अधिकारीको ईजाजत बिना राजीनामा गरेमा वा आफ्नो पदको कर्तव्यपालना गर्न छोडेमा,

(घ) स्थानिय सरकारले दिएको उर्दि नमानेमा,

(ङ) राजनैतिक उदेश्यले संगठनले गरेको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा ।

# संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको "कुशे गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धि ऐन, २०७५"

*( गाँउ सभाबाट पारित मिति: २०७५।०१।२७)*
*(गाउँ सभाबाट प्रमाणिकरण मिति: २०७५।०१।२७)*
*(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमबार)*

**प्रस्तावन :** यस गाउँ क्षेत्र भित्र सामाजिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक,बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापन तथा दर्ता गर्ने सम्वन्धमा व्यस्था गर्ने नेपालको संविधानको भाग २१८ ले दिएको अधिकार प्रयोग गरी गाँउपालिकाको संस्था दर्ता ऐन २०७५ तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम :-** (१) यस ऐनको नाम कुशे गाउँपालिकाको संघसंस्था ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाष :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यक, सास्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उले स्थापना भएको संघ संस्था, क्लब मण्डल, परिषद अध्यायन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउछ ।

(ख) "गाउँपालिका" भन्नाले कुशे गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कुशे गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधायन अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा तोकिएबमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने:-** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

**४. संस्थाको दर्ता :-**(१) संस्था स्थापन गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धि देहायको विवरण खुलाई संस्थाको विधायनको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम :

(ख) उद्देश्यहरु:

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना :

(घ) आर्थिक श्रोत :

(ङ) कार्यालयको नाम :



CS CamScanner

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाको अध्यक्षले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ ।

(३) गाउँपालिकाको अध्यक्षले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेका मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने गाउँपालिकाको अध्यक्षलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेस अनुसार गाउँपालिकाको अध्यक्षले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा,अवधि, नविकरण र नविकरण दस्तुर तोकिएबमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :-** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल सम्पति प्राप्त गर्न उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नाम बाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा गाउँकार्यपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरी गाउँकार्यपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले तोकेको पूनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्माचारी लगायत कुनै व्यत्तिले संस्थाको कुनै सम्पति वा लिखित प्रतिष्ठा बिरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था संस्थाको कुनै सदस्यलाइ गाउँपालिकाले प्रचलित कानुन बमोजिम मुद्धाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापन भएका संस्थाले दर्ता गर्न :** यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन वमोजिम दर्ता नभई स्थापन भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्र यो ऐन बमोजिम बमोजिम दर्ता गराउनु पर्ने छ ।

**८. संस्थाको उद्देयहरुमा हेरफेर :** (१) संस्थाको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अको संस्था गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धि प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बेलाउने पर्नेछ ।



CamScanner

(२) साधारण सभा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सो प्रस्ताव लागु गर्न गाउँपालिकाको अध्यक्षको पूर्व स्वीकृत लिनु पर्नेछ ।

९. **हिसाबको विवरण पठाउनु पर्ने :** प्रवन्ध समितिले सामाजिक परिक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रेत्यक वर्ष गाउँपालिकाको अध्यक्षकहाँ पठाउनु पर्नेछ ।

१०. **हिसाब जाच गर्ने :-** गाउँपालिकाको अध्यक्षले आवस्यक देखेमा संस्थाको हिसाव आफुले नियूक्ति गरेको कुनै अधिकृत वा पदाअधिकारीद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाको अध्यक्षले हिसाब जाँच बाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशतमा नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतिले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्माचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाको अध्यक्षले तोकेको म्याद भित्र हिसाब जाचको प्रतिवेदन गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदधिकारी वा कर्माचारीले हिनामिना गरेको छ भन्ने गाउँपालिकाको अध्यक्षलाई लागेमा निजले त्यस्तो पदधिकारी सदस्य वा कर्माचारीलाई सो हानि नोक्सानि असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन वमोजिम मुद्धा चलाउन लगाउनेछ ।

११. **निर्देशन दिन :** संघिय वा प्रादेश सरकारले संस्थाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यास्तो निर्देशनको पालना गर्न सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. **दण्ड सजाय :-** (१) दफा (३) बमोजिम दर्ता नगराई संस्था स्थापन गरेमा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाको अध्यक्षले जनहि हजार रुपैयाँ सम्म जरीवान गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यलाई गाउँपालिकाको अध्यक्षले जनहि तिन हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजदाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृत वा पदधिकारीले मागेको विवरण तथा कागज पत्रहरु वा सोधेको प्रश्नको नदिने सम्बन्धित पदधिकारीले, सदस्य कर्माचारीलाई गाउँपालिकाको अध्यक्षले एक हजार रुपैयाँ सम्म जरीवान गर्न सक्नेछ ।



CS CamScanner

(४) दफा बमोजिम गाउँपालिकाको अध्यक्षको स्वीकृत नलिई गा... संस्थासंग गाभेमा वा संस्थाले आफ्नो उद्देश्य... उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासंग गाभेमा वा संस्थाले आफ्नो उद्देश्य... हुनेगरी काम कारवाही गरेमा वा संघिय वा प्रदेशिक सरकारले दिएको निर्देशन पालना... त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन** :- दफा १२ बमोजिम गाउँपालिकाको अध्यक्षल गरेको अन्तिम निर्णय गा... गाउँपालिकाको अध्यक्षले ... दिन भित्र नोमिएको अदालतमा पुनरावेदन लाग्नेछ

**१४. संस्थाको विघटन र त्यसको परिमाण** :- (१) संस्थाको विधान बमोजिम कार्य संचालन... नसकी वा अन्य कुनै कारणबस संस्था विघटन भएमा त्यस्तो संस्थाको गा... गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा यो गा... जायजेथाले धामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

**१५. नियम बनाउने अधिकार** :- यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँपालिकाले नि... बनाउन सक्नेछ ।

**१६. अधिकार प्रयायोजन** :- यो ऐन वा अर्न्तगत बनेको नियम बमोजिम प्राप्त अधिकारहरू... सबै वा कुनै अधिकार गाउँपालिकाको अध्यक्षल आफु मुनिका पदधिकारी वा... अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने** :- कुनै संस्थाको दर्ता वा स्थापना... सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यन्त्र जुनसुकै... लेखिएको भएता पनि त्यस्तो संस्था सोहि ऐन बमोजिम दर्ता वा स्थापन गर्नु पर्नेछ ।

**१८. खारेजी र बचाउ** : (१) संघिय वा प्रदेशिक व्यवस्थापिकाले निमार्ण गरेको कानुन विप... भएको दफा साही अनुसार खारेज वा परिमार्जन हुने छन् ।

(२) यस कानुनलाई प्रतिस्थापन हुने गरी अर्को कानुन बनेर लागु न... सम्म यसै कानुन अनुसार भए गरेको मानिने छ ।

(३) संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई कुशे गाउँपालिकाको... भित्र कार्य क्षेत्र रहने गरी गठन, संचालन भई रहेका संघ संस्था यसै ऐन अनुसार दर्ता भा... मानिनेछ ।

CS CamScanner